दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३७ | अंक १४९ | बुटवल | २०८२ जेठ १२, गते सोमबार | नेपाल संवत ११४५ | Monday May.26, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## जेठ १५ गते काठमाडौं एमालेको नियन्त्रणमा हुनुपर्छ : प्रधानमन्त्री



बुटवल । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले जेठ १५ गते गणतन्त्र दिवसको समारोह रहेकाले काठमाडौं एमालेको नियन्त्रणमा हुनुपर्ने भन्दै त्यसका तयार रहन पार्टी पंक्तिलाई निर्देशन दिएका छन् ।

पार्टीबाट निर्वाचित बागमती प्रदेशका वडाध्यक्षलाई प्रशिक्षण दिँदै ओलीले यस्तो निर्देशन दिएका हुन् । 'जेठ १५ गते ११-२ बजेसम्म काठमाडौं एमालेको नियन्त्रणमा हुनुपर्दछ । आयोजना जुन संस्थाले गरे पनि काठमाडौं एमालेको नियन्त्रणमा हुनुपर्छ । आन्दोलनमा कुनै प्रोटोकल हुँदैन के गर्ने भन्ने विषयमा पार्टीले निर्देशन दिन्छ तयार रहनुस् ।'-ओलीले भनेका छन् ।

त्यसदिन राजावादीहरूको पनि प्रदर्शन छ । एमाले सडकमा उत्रिएपछि राजावादी तितरवितर हुने ओलीको भनाइ छ । 'चामल फुकेर मन्साउनेहरू ढ्याङ्ग्रो र मुजुरासहितको धामी उत्रिएपछि तितरवितिर हुन्छन् । एमाले ढ्याङ्ग्रोसहितको धामी हो, चामल फुकेर मन्साउनेहरू तितरवितर हुन्छन् ।'- उनले भने ।

सरकार र जनता मौन रहेको अवस्थामा राजावादीहरू सक्रिय हुन थालेको उनको टिप्पणी छ । 'सरकार र जनता मौन रहेको अवस्थामा राजावादीहरूले अनावश्यक फुर्ती देखाए । झुटा र वेइमान कुरा गर्ने मण्डलेको स्वभाव हो । १५ गते तथाकथित राजावादीहरू सडकमा उत्रिदै छन् । त्यसदिन काठमाडौं एमालेको नियन्त्रणमा हुनुपर्छ ।'- उनले भने ।

## राजावादीको प्रदर्शन भाँड्न प्रधानमन्त्री सक्रिय : राप्रपा

बुटवल । राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालका महामन्त्री राजाराम बर्तौलाले जेठ १५ को हुने राजावादीको प्रदर्शन भाँड्न प्रधानमन्त्री केपी शर्मा ओली नै सक्रिय भएको आरोप लगाएका छन् ।

बर्तौलाले प्रधानमन्त्रीको अभिव्यक्तिहरुले राजावादीको प्रदर्शन रोक्न खोजेको स्पष्ट भएको बताएका हुन् ।

'जेठ १५को कार्यक्रमलाई भाँड्न अनि भड्काउन प्रधानमन्त्री आफैं उद्दत भएको उहाँको पछिल्लो अभिव्यक्तिबाट स्पष्ट भएको छ । प्रमको अभिव्यक्ति अशोभनीय मात्र होइन, अलोकतान्त्रिक, सर्वसत्तावादीसँगै भर्त्सनायोग्य छ,' उनले भनेका छन्-'खबरदार,जनताको आवाजलाई रोक्ने दुस्साहस नगरियोस् । जेठ १५को आन्दोलन शान्तिपूर्ण हुनेछ ।' प्रधानमन्त्री ओलीले आइतबार बागमति प्रदेशमा निर्वाचित एमालेका वडाध्यक्षहरुको भेलामा राजावादीको आन्दोलनको प्रतिकार गर्ने पार्टी कमिटी र मातहतका निकायलाई निर्देशन दिएका थिए ।

### भिजिट भिसा प्रकरण :
## गृहमन्त्रीका स्वकीय सचिवको गुपचुप सरुवा

बुटवल । गृहमन्त्री रमेश लेखकले नक्कली कागजात तयार गरी भिजिट भिसामार्फत् मानव तस्करीमा सघाएको अभियोग खेपेका स्वकीय सचिवको गुपचुप सरुवा गरेका छन् । सरुवा पनि अन्यत्र नभई मन्त्रालयकै एउटा कोठाबाट अर्को कोठामा गरिदिएका छन् ।

यसरी ओल्लो कोठाबाट पल्लो कोठामा सरुवा हुने कर्मचारी हुन्, शाखा अधिकृत विमल पौडेल ।

उनी नियमित मन्त्रालय नै गइरहेकै छन् । उच्च पदस्थसँग नियमित भेटघाट र सम्पर्क गरिरहेकै छन् । तर, कागजमा भने उनी मन्त्रीको सचिवालयमा हुने छैनन् । किनभने, जेठ ४ गतेबाट लागू हुने गरी उनलाई मन्त्रीको सचिवालयबाट मन्त्रालयकै विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखामा सरुवा गरिएको कागज बनाइएको छ ।

उनी २०८१ पुसदेखि गृहमन्त्री लेखकको सचिवालयमा कार्यरत थिए । पौडेल तिनै व्यक्ति हुन्, जसका विरुद्धमा काठमाडौं जिल्ला अदालमा सरकारी तथा सार्वजनिक लिखत किर्ते र संगठित अपराधको अभियोगमा मुद्दा चलाइएको थियो ।

अनुसन्धान तथा मुद्दा दायर हुँदाका बखतसम्म फरार रहेका पौडेल २०८० फागुनमा आफैं काठमाडौं अदालतमा उपस्थित भएका थिए । लगत्तै उनी एक लाख रूपैयाँ धरौटी तिरेर छुटे र २०८० चैत २० देखि उनी गृहमन्त्रालयमा हाजिर भएका थिए ।

२०८१ मंसिर २६ गते न्यायाधीश रामप्रसाद शर्माको इजलासले यस मुद्दामा फैसला गरिसकेको भए पनि फैसलाको पूर्णपाठ भने तयार भइसकेको छैन । फैसलामा आंशिक अभियोग दाबी पुग्ने भनिएको छ ।

नक्कली कागजात तयार पारेर भिजिट भिसामा विदेश पठाउने गिरोहमा संलग्न भएको अभियोगमा नरवीर खड्कासहित ९ जना अध्यागमन अधिकृतले सुरू अदालतबाट सफाइ पाएका छन् । जसमा विमल पौडेल, ताराबहादुर कुँवर, कुशल बराल, शैलेन्द्र ढकाल, विष्णु अर्याल, विकाश डंगोल, पिताम्बर रिमाल र सुजन फागो पनि थिए ।

गीता शाह, अरुण दाहाल, सरोज कुमार यादव र गणेश पाण्डेलाई भने अदालतले दोषी ठहर गरेको छ ।

सरकारी वकिल कार्यालयले त्यसबेलै अख्तियारमा समेत उक्त मुद्दाको फाइल पठाई थप अनुसन्धान र कारबाहीका लागि पत्राचार गरेको थियो ।

अख्तियारको हालसम्मको अनुसन्धानअनुसार, उक्त गिरोह उपल्लो तहबाटै सञ्चालित रहेको र त्यसमा गृहमन्त्रीका निकटस्थहरू प्रत्यक्ष संलग्न रहेको पाइएको छ ।

विमानस्थल अध्यागमन कार्यालयका प्रमुखबाट भर्खरै तानिएका सहसचिव तीर्थराज भट्टराईसहित ५ जनालाई अख्तियारले नियन्त्रणमा लिएर बयानसमेत लिइसकेको छ ।



कपिलवस्तुको चार नम्बर जितपुरमा भारतबाट आयात भएको मौसमी फल तर्बुजाको थुप्रो र तर्बुजा बिक्री गर्न सडक किनारमा ग्राहक पर्खिरहेका युवा व्यापारी । तस्विर : दैनिक लुम्बिनी ।

# तीनकुने घटनामा सांसद राणासहित ६१ जनाविरुद्ध मुद्दा दर्ता

बुटवल । चैत १५ गते काठमाडौंको तीनकुनेमा भएको हिंसात्मक घटनामा संलग्न रहेको अभियोगमा ६१ जनाविरुद्ध मुद्दा दर्ता भएको छ ।

जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंका प्रमुख रामहरि शर्मा पोखरेलका अनुसार राज्यविरुद्धको कसुरसमेतमा धवलशमशेर राणा, रवीन्द्र मिश्र र दुर्गा प्रसाईंसहित ५० जनालाई प्रतिवादी बनाइएको छ ।

अरु ११ जनालाई आपराधिक उपद्रवमा मात्रै छुट्टै मुद्दा दायर गरिएको छ । यस्तै दुर्गा प्रसाईंसहित ८ जनालाई भने कर्तव्य ज्यान र ज्यान मार्ने उद्योगमा पनि प्रतिवादी बनाइएको शर्माले जानकारी दिए । चार जना नाबालकको हकमा अनुसन्धान भइरहेकाले बाल अदालतमा छुट्टै अभियोग दर्ता हुनेछ ।

राप्रपाका वरिष्ठ उपाध्यक्ष मिश्र र महामन्त्री शमशेर राणालाई राज्यविरुद्धको कसुर, आपराधिक उपद्रव र संगठित अपराधको कसुरमा प्रतिवादी बनाइएको छ ।

अरु ११ जनालाई आपराधिक उपद्रव र संगठित अपराधमा मात्रै र दुर्गा प्रसाईंसहित ८ जनालाई भने राज्यविरुद्धको कसुर, आपराधिक उपद्रव, कर्तव्य ज्यान, ज्यान मार्ने उद्योग र संगठित अपराधमा प्रतिवादी बनाइएको छ ।

चैत १५ गते राजावादीहरुले दुर्गा प्रसाईंलाई जनकमाण्डर तोकेर प्रदर्शन गरेका थिए । उक्त प्रदर्शन हिंसात्मक बन्दा दुई जनाको ज्यान गएको थियो । जसमा पत्रकार सुरेस रजकको आन्दोलनकारीले घरमा आगो लगाउँदा र कीर्तिपुरका सविन महर्जनको प्रहरीको गोली लागि ज्यान गएको थियो ।

यस्तै प्रदर्शनकारीहरुले त्यसदिन व्यक्ति तथा राज्यका सम्पत्तिमा ठूलो नोक्सानी पुऱ्याएका थिए । यस्तै व्यक्ति तथा सरकारी सवारीमा पनि तोडफोड र आगजनी गरेका थिए ।

त्यसैदिन बेलुकादेखि प्रहरीले पक्राउ गरेर उनीहरूमाथि अनुसन्धान अगाडी बढाएको थियो । प्रहरीले यो घटनामा संलग्न रहेको आरोपमा करिव डेढसय जनालाई पक्राउ गरेको भए पनि संलग्नता नदेखिएका र ठूलो कसुर नगरेकाहरुलाई छाडेको थियो । प्रहरीले बिहीबार १०८ जनालाई मुद्दा चलाउन रायसहित अनुसन्धान प्रतिवेदन बुझाएको थियो ।

तर सरकारी वकिल कार्यालयले ती मध्ये पनि ६५ जनालाई मात्रै मुद्दा चलाएको हो ।

## लाखौं बक्यौता नतिरेको बुद्धिस्ट ट्राभल मार्ट विवादित

**लुम्बिनी संवाददाता**
*बुटवल*

बुद्धिष्ट इन्टरनेसनल ट्राभल मार्ट (बीआइटीएम) को तेस्रो संस्करण विवादमा तानिएको छ । नेपाल पर्यटन बोर्ड र नेपाल एसोसिएसन अफ टुर एन्ड ट्राभल एजेन्ट्स (नाट्टा) को आयोजनामा जारी तीन दिने मार्टको समापन आइतबार भैरहवामा भएको छ । उद्घाटन कार्यक्रम भने शुक्रबार काठमाडौंमा भएको थियो, दोस्रो दिनको कार्यक्रम पनि काठमाडौंमै भयो । रुपन्देहीका पर्यटन व्यवसायीहरुले बुद्धिष्ट मार्ट भएकाले बुद्ध जन्मस्थल लुम्बिनीमा आयोजना गर्नुपर्नेमा उद्घाटनसहित दुई दिन काठमाडौंमा गरिएको र यसअघिका मार्टको लाखौं भुक्तानी रुपन्देहीका व्यवसायीलाई नदिइएको भन्दै चर्को असन्तुष्टी व्यक्त गरेका छन् । केही पर्यटन व्यवसायीले समापन कार्यक्रम वहिष्कार गर्ने चेतावनी दिएका थिए ।

सोसाइटी अफ ट्राभल्स एण्ड टुर अप्रेटर नेपाल (सोट्टो) लुम्बिनीका पूर्व अध्यक्ष सञ्जय बजिमयले बुद्धका नाममा काठमाडौंका पाँचतारे होटलभित्र सीमित कार्यक्रम गररे लुम्बिनी र नेपालमा पर्यटकहरुको आगमनमा कुनै उल्लेखनीय वृद्धि हुन नसक्ने बताए । 'बुद्धिष्ट मार्ट भनेपछि बुद्ध जन्मेको ठाउँ लुम्बिनीमै सबै कार्यक्रम हुनुपर्थ्यो,' बजिमयले भने-'केन्द्रीकृतरुपमा करोडौंको बजेट केही सीमित केन्द्रीय संस्था र नेपाल पर्यटन बोर्डमा सेटिङ गरेर लुम्बिनी र बुद्धका नाममासरकारको ठूलो बजेटको दुरुपयोग भएकोमा गम्भीर ध्यानाकर्षणसहित घोर आपत्ति छ ।' बजिमयले पहिलो मार्टको एक लाख रुपैयाम्भन्दा बढी भुक्तानी पाउन बाँकी रहेको बताए ।

अर्का पर्यटन व्यवसायी पवन हलुवाईले सन् २०२३ मा भएको अघिल्लो बुद्धिष्ट मार्टमा आफ्नो होटेल पवन प्यालेसमा पाहुना बसेको कोठा र खानाको करिब ३६ लाख रुपैयाँ दुई वर्षसम्म आयोजकले भुक्तानी नगरेको गुनासो गरे । 'सरकारी निकाय समेत जोडिएको कार्यक्रमको बिलको ३६ लाख रकम भुक्तानी नहुँदा आर्थिक संकट परेर होटेल नै बेच्नुपरेको छ,' हलुवाईले भने-'यस्तो कार्यक्रमले कसरी पर्यटन प्रवर्धन हुन्छ, उल्टो घाटा भइरहेको छ ।'

मार्टका केन्द्रीय सल्लाहकार एवं सिद्धार्थ होटेल एशोसिएसनका अध्यक्ष सिपी श्रेष्ठले बुद्धिष्ट मार्ट काठमाडौंमा नभई लुम्बिनी र बुद्धसँग सम्बन्धित ठाउँहरुमा गरिनुपर्नेमा त्यो नहुँदा रुपन्देहीका पर्यटन व्यवसायी असन्तुष्ट बनेको बताए ।

'एकातिर अघिल्ला मार्टको लाखौं रुपैयाँ भुक्तानी भएको छैन, अर्कोतिर बुद्धसँग सम्बन्धित ठाउँमा बुद्धिष्ट मार्ट गर्नुपर्नेमा काठमाडौं गरिनु सरासर गलत भएको छ,' श्रेष्ठले भने-'यस्ता कार्यक्रम बोर्डले नभई होटेल तथा पर्यटन व्यवसायीलाई जिम्मा दिने हो भने कम खर्चमा बढी प्रतिफल आउने गरी गर्न सकिन्छ ।'

अर्का पर्यटन व्यवसायी विष्णु शर्माले सरकारको ठूलो रकम खर्च हुने कार्यक्रमले प्रतिफल दिन स्थानीय व्यवसायीसँगको सार्थक सहकार्य आवश्यक हुनेमा त्यसमा कमी देखिएको बताए । अघिल्लो मार्टको ८२ हजार रुपैयाँ भुक्तानी नभएको बताउँदै शर्माले सरकारी निकायले व्यवसायीको लाखौं रकम भुक्तानी नगरी कार्यक्रमलाई निरन्तरता दिनुले राम्रो सन्देश नगएको बताए ।

सोसाइटी अफ ट्राभल्स एण्ड टुर अप्रेटर नेपाल (सोट्टो) लुम्बिनीका एसबी गुप्ताले सरकारी निकाय समेत आयोजक भएको यो कार्यक्रमको खर्चबारे नियमाक निकायले छानवीन गर्नुपर्ने आवश्यकता औंल्याए । 'पर्यटन प्रवर्धनका नाममा गरिने कार्यक्रम सबै हिसाबले पारदर्शी र समावेशी हुनुपर्छ,' गुप्ताले भने-'यो कार्यक्रम सीमित संस्था र व्यक्तिको आफूखुशी गर्ने माध्यम मात्रै बनेको छ ।'

नेपाल पर्यटन बोर्डका कार्यवाहक निर्देशक सुनील शर्माले आफू मिटिङमा भएको भन्दै थप प्रतिक्रिया दिन चाहेनन् ।



## सम्पादकीय

# जगदिशपुर तालालाई जोगाऔँ

विश्व सीमसार क्षेत्रमा सूचीकृत एवं पन्छी आरक्ष जगदिशपुर तालमा मोटरबोट सञ्चालन गर्दा जैविक विविधतालाई असर पुगेको छ। चराको लागि प्रख्यात तालबाट चरा लोप हुँदै जाँदा जगदिशपुर तालको भविष्य संकटमा परेको छ।

सिँचाइ प्रयोजनका लागि निर्माण गरिएको यो ताल सिँचाइको लागिभन्दा अहिले जैविक विविधताको लागि महत्वपूर्ण रहेको छ। जगधिशपुर १५७ हेक्टरमा फैलिएको छ। ताल क्षेत्रमा डेढ सय बढी प्रजातिका चरासहित उभयचर, सरीसृप र स्तनधारी जनावरको बासस्थान, चरण क्षेत्र र प्रजनन् हुने गर्छ। रामसार क्षेत्रमा सूचीकृत नेपालका १० सीमसार क्षेत्रमध्ये जगदीशपुर ताल एक हो। तालमा १० जना मान्छे राखेर तीब्र गतिमा चर्को आवाज र छाल निकाल्दै चल्ने मोटरबोटले चराको बासस्थान बिथोलिँदा समेत सरोकारवाला निकायले बेवास्ता गरेका छन्। मोटरबोट चलाएर मात्रै जगधीशपुर तालमा पर्यटक आकर्षित गर्न सकिने होइन्, त्यहाँ जाने पर्यटकको रोजाई चरा हेर्न हो। चराको बासस्थान नै संकटमा परेपछि पर्यटक जाँदैनन्। तालमा चर्को आवाजसहितको मोटरबोट घुमाई–घुमाई चलाउँदा चरा बस्न सक्ने वातावरण रहेन्।

जगदीशपुर जलाशय व्यवस्थापन बहुसरोकार मञ्च नामक गैरसरकारी संस्थाले बैशाखदेखि आगामी चैतसम्मका लागि ८ लाख ५५ हजार रुपैयाँमा ठेक्का दिएर मोटरबोट चलाइरहेको छ।

आइयूसीएन नेपालले गरेको एक अध्ययन अनुसार ताल क्षेत्रमा १ सय ६७ प्रजातिका चरा पाइन्छन्। त्यसमध्ये ९२ प्रजातिका रैथाने, ९ प्रजातिका गर्मी याममा आउने, ६४ प्रजातिका चरा जाडो याममा आउने र ३ प्रजातिका चरा आंशिक प्रवासी रहेको अध्ययनले देखाएको छ। यस्तै ४३ प्रजातिका माछा, १० प्रजातिका उभयचर, ४२ प्रजातिका सरीसृप र ३२ प्रजातिका स्तनधारी जनावर पाइने उल्लेख छ। विश्वमै दुर्लभ जन्तु पानी बिरालो र ८ प्रजातिका चरा पनि तालमा पाइन्छन्। चराका लागि महत्वपूर्ण यो काललाई लुम्बिनी प्रदेश सरकारले तीन वर्षअघि चरा आरक्ष घोषणा गरेको थियो। लुम्बिनी आउने विभिन्न देशका पर्यटकलाई यहाँ आकर्षित गर्न सकिने र आन्तरिक पर्यटकलाई पनि चरा हेर्नकै लागि आकर्षित गर्न सकिने सम्भावना हुँदाहुँदै मोटरबोट चलाउने काम तत्काल रोक्नुपर्छ।

जैविकविविधितालाई असर गर्ने यस्तो क्रियाकलाप जारी रहे रामसार क्षेत्रबाट हटाउन सक्ने सम्भावना रहेको छ। रामसार क्षेत्रमा सूचीकृत तालको जैविकविविधता जोगाउन अस्वाभाविक मानवीय क्रियाकलाप तत्काल रोक्नुपर्छ। प्रदेशको वन वातावरण हेर्ने स्थानीय कार्यालय भनेको डिभिजन वन कार्यालय हो। डिभिजन वन कार्यालय कपिलवस्तुले रोक लगाउन सक्छ।

# थाइराइड विकारप्रति डर होइन, उचित जनचेतना अपरिहार्य



**डा. मनोज कार्की**



प्रत्येक वर्ष मनाइने विश्व थाइराइड दिवस यस वर्ष 'थाइराइड विकारहरूको रोकथाम र प्रारम्भिक पहिचान' भन्ने मूल नाराका साथ मनाइँदैछ। नेपाल जस्तो विकासोन्मुख मुलुकमा थाइराइडसम्बन्धी रोगहरू–जसमा हाइपोथाइराइडिज्म, हाइपरथाइराइडिज्म, गलगाड तथा थाइराइड नोड्युल, क्यान्सर जस्ता अवस्थाहरू पर्दछन र यिनीहरु प्रमुख सार्वजनिक स्वास्थ्य समस्याका रुपमा देखा परेका छन्। यी रोगहरू प्रायः आयोडिनको कमी, सामाजिक, आर्थिक असमानता तथा स्वास्थ्य सेवा पहुँचको अभावसँग सम्बन्धित रहेका हुन्छन्। थाइराइड सम्बन्धि रोगहरुको प्रारम्भिक लक्षण अन्य रोगसँग मिल्दोजुल्दो हुने भएकाले धेरैजसो अवस्थामा समयमै रोग पहिचान वा निदानमा समस्या हुने गर्दछ।

त्यसैले, थाइराइडसम्बन्धी रोगहरुका विषयमा जनचेतना अभिवृद्धि गर्नु अत्यन्त आवश्यक छ। थाइराइड सम्बन्धि रोगहरुको ज्ञान र जागरूकताले आम जनमानसलाई यसका प्रारम्भिक लक्षणहरू चिन्न, समयमै चिकित्सा परामर्श लिन र कुन अवस्था सामान्य हुन र कुन अवस्थामा उपचार लिने भन्ने निर्क्योल गर्न मद्दत पुऱ्याउँछ।

विगतका दशकहरूमा थाइराइड सम्बन्धि चिकित्सकिय सेवा सुबिधामा उल्लेखनीय प्रगति भएको छ। उदाहरणका लागि, उच्च-रिजोल्युसन अल्ट्रासाउन्ड प्रविधिले थाइराइड ग्रन्थिमा रहेका नोड्युलहरू वा ग्रन्थि सुन्निएको अवस्था पत्ता लगाउन सहयोग पुऱ्याएको छ। त्यस्तै, फाइन निडल एस्पिरेशन प्रविधिबाट थाइराइड नोड्युलहरूमा क्यान्सर कोशिका छन् वा छैनन् भन्ने पहिचान सम्भव भएको छ। थाइराइड हार्मोनको मात्र मापन गर्ने रक्त परीक्षणहरूले शरीरमा थाइराइड हार्मोनको मात्र कम या अधिक रहेको अवस्था पहिचान गर्ने गर्दछ तथा रेडियोएक्टिभ आयोडिन अपटेक स्क्यान जस्ता प्रविधिले रोगको सही निदानमा महत्वपूर्ण योगदान पुऱ्याएका छन्।

यद्यपि, नेपालमा थाइराइड रोगहरूको पहिचान र व्यवस्थापनसम्बन्धी केही चुनौतीहरू अझै विद्यमान छन्। तीमध्ये मुख्य चुनौतीहरू यस्ता छन् :

- नियमित स्क्रिनिङ कार्यक्रमहरूको अभाव, विशेषतः गर्भवती महिलाहरू र नवजात शिशुहरूका लागि।
- ग्रामीण तथा दुर्गम क्षेत्रका स्वास्थ्य संस्थाहरूमा प्रयोगशाला तथा परीक्षण उपकरणको अभाव।
- जन्मजात हुने थाइराइड सम्बन्धि रोगहरुको पहिचानका लागि नवजात शिशु स्क्रिनिङको नीतिगत र प्राविधिक तयारीको कमी।
- थाइराइडसम्बन्धी लक्षणहरूबारे आम जनमानसमा सीमित ज्ञान।
- बिरामीहरूमा नियमित फलोअपको कमी।

विश्व थाइराइड दिवस २०२५ को मूल विषयवस्तु, "थाइराइड विकारहरूको रोकथाम र प्रारम्भिक पहिचान", नेपालको संदर्भमा अझैँ पनि समय सापेक्ष र सान्दर्भिक छ किनकि धेरै नागरिकहरू अझैँ पनि रोग निदानबिना रहेका छन्, जसको प्रत्यक्ष असर उनीहरूको स्वास्थ्य र जीवनस्तरमा परिराखेको छ। नियमित परीक्षण, लक्षणहरूको यथासमयमा पहिचान, तथा सही उपचारले थाइराइड विकारहरूबाट हुने जटिलताहरूलाई न्यून गर्न सकिन्छ।

अतः जनचेतना अभिवृद्धि, सहज स्क्रिनिङ सुविधा र प्रभावकारी स्वास्थ्य सेवा उपलब्ध गराएर मात्र थाइराइड सम्बन्धी समस्याहरूको दीर्घकालीन समाधान सम्भव छ। यही सन्देशसहित विश्व थाइराइड दिवस २०२५ ले नेपाली समाजमा स्वास्थ्यप्रति उत्तरदायी सोच र व्यवहार निर्माणमा योगदान पुऱ्याउने विश्वास लिइएको छ।


Consultant Endocrinologist
भैरहवा इन्डोक्राइन क्लिनिक
बर्मेलीटोल, भैरहवा


# धार दिने आ–आफ्नै तरिका



**तुल्सीराम पाण्डे**

सबै मानिसहरूले आ-आफ्नो परम्परा र श्रद्धाअनुसार देवता पितृ र अन्य अदृश्य शक्तिलाई फरक फरक तरिकाले पूजा गर्दछन्। प्रकृति र परम्परागत मान्यताहरू नै सबै प्राणीका बाँच्ने आधार हुन्। मानिसले आफ्नो ठाउँअनुसार नयाँ नयाँ परम्पराहरू बनाउने र पुरानालाई केहीलाई छोड्ने र केहीलाई निरन्तरता दिने गर्दछन्।

नेपालमा समुदाय र ठाउँअनुसार प्रकृति र अदृष्य शक्तिलाई पूजा गर्ने आ-आफ्नै तरिकाहरू छन्। त्यसलाई कसैले भोग दिने, कसैले भाग दिने, कसैलै श्राद्ध गर्ने, कसैले पूजा गर्ने, कसैले धार दिने कसैले यज्ञ लाउने भन्दछन्। बाहुन क्षेत्रीहरूले आफ्ना पितृहरूको सम्झनामा वर्षको २ पल्ट श्राद्ध गर्दछन्। पितृहरूले आफ्ना सन्तानलाई आशीर्वाद दिन्छन्। देवताले दिएको पितृले हर्न सक्छन्। पितृले दिएको देवताले हर्न सक्दैनन्। ४ पुस्ताभन्दा माथिका पितृहरू कुलायनमा मिसिन्छन् कुलायन पूजा कसैले मंसिरे पूर्णिमा र बैशाखे पूर्णिमा गरी २ पटक गर्दछन्। कसैले वर्षको १ पटक गर्दछन्। बलि दिनेहरूले कसैले असोजको दुर्गा पूजामा कुलपूजा गर्दछन्। कुनै ठाउँमा समुदाय मिलेर एउटा पाठो वा पाठी बलि दिन्छन्। त्यसपछि सबैले आ-आफ्नो घरबाट बोकाको बलि दिन्छन्। कुनै ठाउँमा भाकल भएमा र आफ्नो इच्छा भएमा मात्र कुललाई बोकाको बलि दिन्छन्। कसैले तीन वर्षमा र कसैले पाँच वर्षमा सबै घरले एक-एक वटा बोकाको बलि दिन्छन्। कसैले श्रीपञ्चमी र कसैले अक्षय तृतीयाको दिनमा कुलपूजा गर्दछन्। देवताअनुसार फरक फरक किसिमका खानेकुरा सहितको फरक फरक धारा दिइन्छ। शिवलिङ्गमा जलधारा दिइन्छ। यज्ञ गर्दा चरु होम्ने र घ्यूको धारा दिइन्छ। नागलाई दूध धारा दिइन्छ। झाँक्रीलाई रगतको धारा दिइन्छ। अन्य शक्ति पीठहरूमा पनि आ-आफ्नो ठाउँ र परम्पराअनुसारका भेटी चढाउने र धार दिने गर्दछन्। धार दिँदा लावा भुटने र रोटी खिर पकाउने गर्दछन्। गाईको गोबरको कुण्ड बनाएर त्यसैमा धाराको भाग राखी दिन्छन्। त्यही भाग खाएर आशीर्वाद दिन्छन् भन्ने जनमानसमा विश्वास छ।

शैलेश्वरी मन्दिरमा देउकी चढाउँछन्। देवीका मन्दिरहरूमा परेवा उडाई दिन्छन्। कोटहरूमा हाँस, कुखुरा, परेवा, बोका, भैँडा र पाडाको बलि र पञ्चबलि दिन्छन्। नरदेवीमा १२ वर्षमा एक पटक मानिसको बलि दिन्छन्। पानीको मूल भएको ठाउँमा नागको पूजा गर्छन्। लेकमा भुमे र धुले नागको पूजा गर्दछन्। देवी देउराली रक्तकालीमा पनि पशु बलि दिइन्छ। प्रधानमन्त्रीले पदबहाली गर्दा कालो बोकाको बलि दिन्छन्। बाबुराम भट्टराईले परम्पराअनुसारको बलि दिएनन्। श्री ५ ज्ञानेन्द्रले सङ्कट कालमा शान्तिको कामना गर्दै कालो बोकाको बलि दिएका थिए। त्यस बेला देशको बाहिरी भागमा सैनिक र प्रहरीहरूको बलि चढिरहेको थियो।

धर्म र कर्म गर्दा छर छिमेकी र इष्टमित्र जम्मा हुनु पर्दछ। महादेवलाई तान्त्रिक र वैदिक विधिबाट पूजा गरिन्छ। नदी, शिला, आगो, सूर्य र चन्द्रमालाई पनि पूजा गर्दा दूध र पानी चढाइन्छ। धार दिने पुराना मानिसहरूले "ढुङ्गा रातो पेट तातो" भन्दछन्। पुरानो समयमा एकजना सूचिकारको सिलाउने मेसिन बिग्रेर आफन्तसँग बनाउन लगेछन्। आफन्तले मेसिनलाई बोक्सी लागेछ भनेर ५/६ पटकसम्म भाले र रक्सी चढाउँदै बनाउँदै गरेछन्। कसैलाई भूत लागेमा गोंयलाको पातको टपरीमा रातिमा भोग दिने र धार दिने गरिन्छ। डुलुवा सिया मसान लागेमा बिहानै झुल्के घाम वा साँझको पहेँली घाममा उल्टे पानी ल्याउने, उल्टे कुखुरा काट्ने, उल्टे टपरीमा एकोहोरो रोटीको धार दिइन्छ। कुनै लामाले सिया मसानलाई बिरामीले नै "मेरो मुत खा" भनेर गाली गर्दै एउटा दुनामा पिसाब राखिदिए हुन्छ भन्दछन्।

बोक्सी लागेमा उसले मागेको भागको पाल्लो रातिमा फालिदिन्छन्। बोक्सीको १ गुन र लामाको २ गुन हुन्छ। धनीमानी र सम्पन्न मानिसहरू पनि बोक्सी हुन्छन्। लामाले बोक्सी चिन्दछन् र बोक्सीले लामा चिन्दछन्। लामाको भन्दा बोक्सीको मन्त्र २ गुना शक्तिशाली हुन्छ। बोक्सी लागेमा लामाले खान पाउँछन्। कसैलाई बोक्सी लागेर थला परेमा, बहुलाएमा, आधामात्र मन्त्र सिकेमा सिपालु लामालाई बोलाएर रातीमा कालो पाठो, कालो कुखुरो, कालो बिरालो काटेर टाउकाबाट रगतको धारा लगाएर सन्चो बनाउँछन् भनेको सुनिन्छ। पहिलेका सिपालु लामाहरूले आफू आगोमा बसेरै बोक्सीलाई बोलाउने, तातो पन्युले डाम्ने, नचाउने र आँखा फोडिदिने गर्दथे। एक ठाउँमा तालुकदारलाई साक्षी राखेर लामा बसाल्दा उनैकी श्रीमती नाच्दै आइछन्। त्यसपछि लामालाई त्यहीँ रोकेछन् र सबै फरिएछन्।

नेपालको सबैभन्दा धेरै बलि चढाउने ठाउँ बाराको गढीमाई हो, त्यहाँ मेला ५/५ वर्षमा मेला लाग्छ। एक पटकको मेलामा तीस हजारभन्दा बढी बलि दिइएको थियो। एक जना भारतीय जमिन्दारले आफ्नो छोरो जन्मेको खुसीमा एक सय आठ वटा राँगाको बलि दिएका थिए। एक पटकको मेलामा मार हान्ने कर्मचारीहरूले एकोहोरो राँगा काँटी रहेको सुरमा मान्छे नै काटि दिएछन्। त्यहाँका मानिसले अन्यत्र काम गर्न जाँदा यो कुरा सुनाएका रहेछन्। आजकल त्यहाँ नरिवलको बलि दिन सुरु गरिएको छ। वनसखण्डी लागेमा ऐना, काइँयो, डोरी, चुरा, टिकी, कपडाहरू एउटा थोत्रो डोकोमा लगेर थानमा राखी दिन्छन्। वनबोक्सीलाई फुको चल्लो छोडिदिन्छन्। लाटो भूत लागेमा अक्षता र धजा रिँगाएर चौबाटामा लगेर फाल्ने र पछाडि नफर्कीकन आएर बिरामीलाई चिसो पानीले छेप्ने र एक्कासी चिच्याएर तर्साएर उपचार गरिन्छ।

बच्चाहरू तर्सेमा र सातो गएमा सातो फुक्ने, खरानीको टीका लगाई दिने, शरीरको उचाई बराबरको डोरो मन्तरेर चरुवा गाईको पुछरमा बाँध्ने र साँझमा जन्तर बनाएर बाँधिदिने गर्दछन्। बिरालोले लगेको सातो फर्कन गाह्रो हुन्छ। सर्पले जनावरको दूध खाएमा थन कानो हुन्छ। दोखले खाएमा लामा धामी गरेमा फर्कन्छ। मानिसहरू बसाइ सरेमा बिदाइ धारा दिन्छन्। नयाँ ठाउँमा गएपछि त्यहाँको चलनअनुसार समूहमा मिसिन्छन्।

# एकिकृत समाजवादीले बुझायो प्रधानमन्त्रीलाई स्मरण-पत्र

बुटवल। नेकपा (एकीकृत समाजवादी) रुपन्देहीले आइतबार रुपन्देहीका प्रमुख जिल्ला अधिकारीमार्फत् प्रधानमन्त्रीलाई स्मरणपत्र बुझाएको छ। पार्टीका रुपन्देहीका अध्यक्ष हिराध्वज शाहले रुपन्देहीका प्रमुख जिल्ला अधिकारी बासुदेव घिमिरेमार्फत् स्मरणपत्र बुझाएका हुन्। 'सुशासन र रोजगारी, समाजवादको तयारी' भन्ने नारासहित देशव्यापी आन्दोलनमा रहेको समाजवादीले केन्द्र, प्रदेश जिल्ला, पालिकासम्म मागहरुका बारेमा स्मरण पत्र बुझाएको सो पार्टीले जनाएको छ। रुपन्देही जिल्ला कमिटिले बैशाख १९ गते जिल्ला प्रशासनमार्फत् प्रधानमन्त्रीलाई बुझाएको ज्ञापनपत्रका मागहरु पुनःस्मरण गराउन स्मरणपत्र बुझाइएको जिल्ला अध्यक्ष हिराध्वज शाहले बताए।

बैशाख १९ गते जिल्लाको बस्तुस्थिति, बाटो, बिजुली, उत्पादन, कृषि, शिक्षा, स्वास्थ्य, रोजगार, सुशासन, पारदर्शीता, जवाफदेहीतालगायतका पक्षहरू समेटेर समाजवादीले ज्ञापनपत्र बुझाएको थियो। स्मरणपत्र बुझ्दै रुपन्देहीका प्रमुख जिल्ला अधिकारी घिमिरेले यसअघि आएका मागहरु पनि सम्बन्धित क्षेत्रमा पुऱ्याएको बताउँदै पुन स्मरणपत्र पुऱ्याउने बताए। स्मरणपत्र बुझाउने कार्यक्रममा नेकपा एकिकृत समाजवादका पोलिटब्यूरो सदस्य तथा रुपन्देही इञ्चार्ज नन्दलाल बन्जाडे, केन्द्रीय सदस्यद्धय बाबुलाल यादव, उमा काफ्लेसहित प्रदेश उपाध्यक्ष कमल भण्डारी, जिल्ला उपाध्यक्ष उपाध्यक्ष अविराम विक अर्का उपाध्यक्ष मिरा श्रेष्ठ, सचिव टंक पोखरेल, उपसचिव बाबुराम अर्याल, शारदा भट्टराई पहारी, जिल्ला सदस्यहरु विजय दाहाल, सफरुद्धिन अन्सारी, टेकसिंह थापा लगायतको उपस्थिति रहेको थियो।

यसैबिच नेकपा (एकीकृत समाजवादी) बुटवलले आइतबार बुटवल उपमहानगरलाई स्मरणपत्र बुझाएको छ। सुशासन र रोजगारी समाजवादको तयारी भन्ने नारासहित केन्द्रीय आन्दोलनअन्तर्गत गत बैशाख २२ गते बुझाइएको माग पूरा गर्ने सन्दर्भमा पुनःस्मरण पत्र बुझाएको सो पार्टीले जनाएको छ।

बुटवल उप-महानगरका नगरप्रमुख खेलराज पाण्डेयलाई एकिकृत समाजवादी पार्टीका अध्यक्ष चिनबहादुर गुरुङले स्मरण पत्र बुझाएका हुन्। स्मरणपत्र बुझाउँदै गुरुङले स्थानीय तहले पूरा गर्ने माग यहिबाट र अन्य मागहरु प्रदेश र संघीय सरकारसमक्ष पुऱ्याउन नगरप्रमुखको ध्यानआकर्षण गराए। नगरप्रमुख पाण्डेयले स्मरणपत्र बुझ्दै मागहरुका बारेमा ध्यानआकर्षण भएको जनाए। समाजवादी बुटवल उपमहानगर कमिटीले बुटवल धागो कारखाना सञ्चालनसहित विभिन्न जनसरोकारको मागहरु पेश गरेको छ।

बुटवलमा रहेको लुम्बिनी प्रादेशिक अस्पतालमा टिकटका लागि समेत घन्टौं लाइनमा बस्नुपरेको, बुटवल ज्योतिनगर लक्ष्मीनगरको पहिरो नियन्त्रण गर्नुपर्ने मोतीपुर औद्योगिक क्षेत्रमा ५० औं वर्षदेखि बसोबास गर्दै आएकाहरुको समस्या समाधान गरी औद्योगिक क्षेत्र निर्माण गर्न तथा भूमिहिन दलित सुकुम्बासीहरुलाई लालपूर्जा दिने व्यवस्था गर्न माग गरेको थियो। स्मरण पत्र बुझाउने कार्यक्रममा कार्यपालिका सदस्य यमबहादुर सुनार, नेकपा एसका प्रदेश सदस्य रुक्माङगत घिमिरे, इन्द्रबहादुर राई, सचिव भिमबहादुर क्षेत्रीलगायतको उपस्थिति रहेको थियो।

# नेप्से परिसूचक आठ दशमलव ५७ अङ्कले घट्यो



काठमाडौँ। यो साता कारोबारको पहिलो दिन आइतबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक आठ दशमलव ५७ अङ्कले घटेको छ। शून्य दशमलव ३१ प्रतिशतको गिरावट पछि नेप्से परिसूचक दुई हजार छ सय ७९ दशमलव ९८ को बिन्दुमा कायम भएको हो।

तीन सय १४ कम्पनीको एक करोड ८५ लाख पाँच हजार सात सय ७१ कित्ता शेयर ७० हजार छ सय १० पटक खरिदबिक्री हुँदा रु सात अर्ब ६० करोड ९५ लाख ४२ हजार २१२ को कारोबार भएको छ। लघुवित्त समूह दुई दशमलव ३२ र व्यापार समूह शून्य दशमलव १३ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ।

बैंकिङ शून्य दशमलव ६६, विकास बैंक एक दशमलव ४६, वित्त शून्य दशमलव ९९, होटल तथा पर्यटन एक दशमलव ७५ र जलविद्युत् शून्य दशमलव ३६ प्रतिशतले घटेको छ। त्यस्तै, लगानी समूह एक दशमलव शून्य तीन, जीवन बिमा शून्य दशमलव ३३, उत्पादन तथा प्रशोधन शून्य दशमलव शून्य तीन, म्युचुअल फण्ड दुई दशमलव ९६, निर्जीवन बिमा शून्य दशमलव १० र अन्य समूह शून्य दशमलव ४५ प्रतिशतले घटेको छ।

कारोबारमा ओम मेगाश्री फर्मास्युटिकल्स लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। सबैभन्दा बढी सिन्धु विकास बैंक लिमिटेडको शेयर मूल्य आठ दशमलव २८ प्रतिशतले घटेको छ। कारोबार रकमका आधारमा सबैभन्दा बढी राधी विद्युत् कम्पनी लिमिटेडको रु ७१ करोड ४९ लाख २८ हजार बराबरको कारोबार भएको छ। कारोबार भएका शेयर संख्याका आधारमा प्रभु सेलेक्ट फण्डको १४ लाख ९० हजार छ सय ४९ कित्ता शेयर किनबेच भएको छ।

# चार सय तीस पर्यटकले अवलोकन गरे बाँके निकुञ्ज




बाँके। बाँके राष्ट्रिय निकुञ्जमा चार सयभन्दा बढी आन्तरिक तथा बाह्य पर्यटकले अवलोकन र वन्यजन्तुको दृश्यावलोकन गरेका छन्।

निकुञ्ज मध्यवर्ती क्षेत्रमा सञ्चालित घरबास कार्यक्रममार्फत् गत साउनदेखि हालसम्म आन्तरिक तथा बाह्य पर्यटक गरी चार सय ३० जनाले निकुञ्ज अवलोकन तथा दृश्यावलोकन गरेको बाँके राष्ट्रिय निकुञ्जका संरक्षण अधिकृत मन्दीप पङ्गेनीले जानकारी दिए। यी पर्यटकमध्ये सबैभन्दा बढी मङ्सिरमा ८२ र सबैभन्दा कम साउनमा १२ जना यहाँ आएका छन्। ती पर्यटकमध्ये विदेशी पर्यटक अर्थात् सार्क राष्ट्रका २१ जना मात्र पर्यटक रहेका छन्।

निकुञ्जका प्रमुख तथा वरिष्ठ संरक्षण अधिकृत वीरेन्द्रप्रसाद कँडेलले बाघ संरक्षणमा सफलता हासिल गरे पनि पर्यापर्यटनको विकास हुन नसकेको बताए। निकुञ्जले दुई सय किलोमिटर वन पथ निर्माण, घाँसेमैदान र कृत्रिम पानी पोखरीको व्यवस्थासँगै आहारा प्रजातिको संख्या वृद्धि गरेको उनको भनाइ छ। मध्यवर्ती क्षेत्रमा घुम्न आउने पर्यटकलाई निकुञ्ज अवलोकनमा ल्याउन होमस्टे तथा होटल व्यवसायीले जोड दिनुपर्ने भन्दै कँडेलले पर्यटकको सहजताका लागि व्यवसायीले सफारीको प्रबन्ध गर्नुपर्ने आवश्यकता औंल्याए।

हाल बाघ संरक्षणमा निकुञ्जले सफलता हासिल गरेको छ। सन् २०२२ को सर्वेक्षणअनुसार बाँके राष्ट्रिय निकुञ्जमा २५ वटा बयस्क बाघ रहेका छन्।

निकुञ्ज प्रमुख कँडेलले यहाँ अन्य संरक्षित क्षेत्रहरूमा नपाइने लोपोन्मुख वन्यजन्तु चौका पनि धेरै संख्यामा देखिन थालेका छन्। यस्तै, स्तनधारी वन्यजन्तु ३४, चरा २७६, सरिसृप २४, उभयचर नौ र माछा ५५ गरी चार सय २२ प्रजाति रहेका छन्। निकुञ्ज संरक्षणमा अवैध चोरी सिकार, मानव-वन्यजन्तुबीचको द्वन्द्व, वन डढेलो, अतिक्रमण, मिचाहा प्रजातिको विस्तार, अव्यवस्थित पूर्वाधार, सीमित उद्धार क्षमतालगायत चुनौती रहेको प्रमुख कँडेलको भनाइ छ।

# मुक्तकमैयालाई निःशुल्क कृषि सामग्री वितरण

नेपालगञ्ज। कृषि ज्ञानकेन्द्र बाँकेले मुक्तकमैयालाई निःशुल्क कृषि सामग्री तथा बीउबीजन वितरण गरेको छ।

लुम्बिनी प्रदेश सरकारको लक्षित समुदाय विशेष आयआर्जन कार्यक्रमअन्तर्गत जिल्लाको बैजनाथ गाउँपालिका-५ का ३२ घर मुक्तकमैयालाई स्प्रे, बिरुवा राख्ने ट्रे, विषादी, धान र तरकारीको बीउलगायतका कृषि उपकरण वितरण भएको हो।

कृषि ज्ञानकेन्द्र, बाँकेका प्रमुख विनोद घिमिरेले सीमान्तकृत समुदायको जीवनस्तर सुधारका लागि प्रदेश सरकारले सो कार्यक्रम सञ्चालन गरेको जानकारी दिँदै एउटा परिवारका लागि रु १२ हजार बराबरको कृषि उपकरणसहित बीउबीजन वितरण भएको बताए।

प्रदेश सरकरको उद्देश्य पनि सीमान्तकृत समुदायका घरपरिवारलाई छनोट गरेर आयआर्जन बढाउन सहयोग गर्ने भएको उल्लेख गर्दै उनले कृषि उपकरण र बीउबीजन निःशुल्क वितरण गरिएको जनाए।

"हामीले कृषि प्राविधिक भेटघाट कार्यक्रममा सरकारी सेवामा पहुँच नभएका व्यक्तिसँग छलफल गरेर उनीहरुको मागअनुसार कृषि उपकरण र बीउबीजन वितरण गरिएको हो।"-प्रमुख घिमिरेले भने। उनले जिल्लाका विभिन्न स्थानमा स्थलगत रुपमा कृषि प्राविधिक भेटघाटले किसान उत्साहित भएको जानकारी दिँदै गाउँगाउँमा जाँदा सरकाको पहुँच नपुगेको क्षेत्र छनोट गरेर विपन्न समुदायलाई कृषि सामग्री र बीउबिजन वितरण गरिएको बताए।

यस वर्ष ५० घर विपन्न परिवार यस कार्यक्रमबाट लाभान्वित हुने छन्। यसअघि ज्ञान केन्द्रले डुडुवा गाउँपालिका राप्तीसोनारी र नरैनापुर गाउँपालिकाका विपन्न किसानलाई पनि वितरण गरेको थियो।

## शिक्षक आवश्यकता सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८२/०२/०८**

उपरोक्त सम्बन्धमा यस पाल्हीनन्दन गाउँपालिकाको कार्यालयको च.न.२०१ मिति २०८१/०५/२५ गतेको पत्र, गाउँ शिक्षा समितिको मिति २०८१/०५/२५ गते तथा विद्यालय व्यवस्थापन समितिको मिति २०८२/०२/०७ गतेको निर्णय अनुसार संघीय शिक्षण सहयोग अनुदान मार्फत आ.व.२०८१/०८२ को संघीय सरकारको ससर्त अनुदान अन्तर्गत माध्यमिक तहमा यस विद्यालयमा अङ्ग्रेजी, गणित र विज्ञान विषय शिक्षण सहयोग अनुदान कोटा छनौट भएको हुँदा शिक्षण सहयोग अनुदान रकमबाट तलव खाने गरी गणित विषय शिक्षक छनौट गर्नुपर्ने भएकोले तपशील बमोजिमका उल्लेखित पदका लागि योग्य, इच्छुक अनुभवी नेपाली नागरिकबाट दरखास्तका लागि सूचना प्रकाशित गरिएको छ।

**तपशील**

१. विज्ञापन नं. : २/०८१/०८२ (दोस्रो पटक)
२. पद संख्याः १ जना (गणित विषय शिक्षक)
३. तह र श्रेणी : मा.वि. अनुदान कोटा।
४. शैक्षिक योग्यताः गणित मूल विषय लिई स्नातक वा सो सरह उत्तीर्ण।
५. नियुक्तिको किसिम : करार
६. उमेर : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको।
७. दरखास्त दस्तुरः २०००/- (रु. दुई हजार मात्र)
८. तलब स्केलः नेपाल सरकारको नियमानुसार।
९. परीक्षाको किसिम : लिखित, मौखिक आवश्यक परे प्रयोगात्मक।
१०. दरखास्त दिने अन्तिम मितिः २०८२/०२/२३ गते दिउँसो ४:००
११. सम्पर्क मितिः २०८२/०२/२५ गते
१२. परीक्षा मितिः सम्पर्क मितिको दिन तोकिने छ।
१३. **आवश्यक कागजात :**
क) नेपाली नागरिताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ख) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ग) निरोगिताको सक्कल प्रमाणपत्र
घ) अध्यापन अनुमतिपत्रको प्रमाणित प्रतिलिपि।
१४. आवेदन दिने स्थान : हरपुर माध्यमिक विद्यालय पाल्हीनन्दन-२, हरपुर, नवलपरासी
१५. सम्पर्क : ९८४७०८०७४०, ९८०५४८३१४३

नोटः माथिल्लो शैक्षिक योग्यता भएकालाई विशेष ग्राह्यता / प्राथमिकता दिइने छ।

**प्रधानाध्यापक**
**श्री हरपुर माध्यमिक विद्यालय**
**पाल्हीनन्दन – २, हरपुर, नवलपरासी**

**नेपाल सरकार**
**गृह मन्त्रालय**
**जिल्ला प्रशासन कार्यालय**
**गृह मन्त्रालय प्रशासन रुपन्देही**
**विषय :– व्यक्ति प्रमाणित।**

**जो जस सँग सम्बन्ध राख्छ**

जिल्ला रुपन्देही कञ्चन गाउँपालिका वडा नं.३ वस्ने टेक बहादुर क्षेत्रीले आफू भारत सरकारको भु.पू.सै.नं.५८४५००१ रैक एन आर र एन के युनिट ४/९ जि. आर. को पेन्सनर भएको, आफ्नो श्रीमती उमा देवी क्षेत्रीले प्राप्त गरेको नागरिकता प्रमाण पत्रमा नामथर उमा देवी क्षेत्री, जन्म मिति वि.सं. २०२०।०५।२२ भएको र सैनिक अभिलेखमा शारदा देवी, जन्म मिति ई.सं. १९६५।०१।०१ तदनुसार वि.सं. २०२१।०९।१८ हुन गई नामथर, जन्म मिति फरक पर्न गएता पनि व्यक्ति एउटै भएको व्यहोरा प्रमाणित गरी पाउँ भनी कञ्चन गाउँपालिका ३ नं. वडा कार्यालयको च.नं. ४७५ मिति २०७४।०७।२१ को सिफारिस साथ नागरिकता, सैनिक अभिलेखको फोटोकपी संलग्न राखी निवेदन दिनु भएको।

सो सम्बन्धमा कञ्चन गाउँपालिका ३ नं. वडा कार्यालयको सिफारिस र अस्थायी प्रहरी पोष्ट, प्रतापपुरको च.नं. ३७ मिति २०७४।०७।२४ को पत्रसाथ संलग्न प्रहरी सर्जमिन मुचुल्काबाट भारत सरकारको भु.पू.सै.नं.५८४५००१ रैंक एन आर र एन के युनिट ४/९ जि.आर. को पेन्सनर टेक बहादुर क्षेत्रीको श्रीमती उमा देवी क्षेत्रीको नागरिकता प्रमाणपत्रमा नामथर उमा देवी क्षेत्री, जन्म मिति वि.सं.२०२०।०५।२२ र सैनिक अभिलेखमा शारदा देवी, जन्म मिति ई.सं. १९६५।०१।०१ तदनुसार वि.सं. २०२१।०९।१८ हुन गई नामथर, जन्म मिति फरक पर्न गएता पनि व्यक्ति एउटै भएको भनी लेखी आएको व्यहोरा पेन्सन प्रयोजनको लागि मात्र प्रमाणित गरिएको छ।



**प्रमुख जिल्ला अधिकारी**
**हरि प्रसाद मैनाली**

## गाउँपालिकाद्वारा जनहितमा जारी सन्देश

- सकेसम्म स्वास्थ्यकर मासु मात्र खाने।
- घर पालुवा तथा जंगली पशुपक्षीको असुरक्षित सम्पर्कबाट टाढा रहने।
- रुघा खोकी तथा ज्वरो आई स्वास प्रवाशमा समस्या आएमा चिकित्सकसंग सल्लाह लिने।
- कृषि तथा पशुपालनमा युवा सहभागिता बनाई स्वरोजगार सृजनामा टेवा पुऱ्याऔं। पशुपंक्षी संरक्षण गरौं,
- सेवा प्रवाहमा रहेको कमी कमजोरी औंल्याऔं, स्थानीय सरकारलाई सवल बनाउन समयमा नै कर तिरौं।
- विकास निर्माणका कामहरु उपभोक्ता समिति मार्फत समयमा नै सम्पन्न गरी घर, आँगन, टोल सधै सफा राख्ने गरौं।
- जन्म,मृत्यु, विवाह जस्ता घटनाहरु ३५ दिन भित्र वडा कार्यालयमा दर्ता गाराउँ।
- आफ्ना बालबच्चाहरुलाई शिक्षित र सक्षम बनाउन विद्यालय पठाऔं।
- फोहोरको उचित व्यवस्थापन गरौं।
- वातावरण जोगाउन वृक्षारोपण गरौं।
- भुकम्प प्रतिरोधक संरचना निर्माण गरौं।
- स्थानीय कृषि तथा पर्यटनको संरक्षण गरौं।
- खोक्दा, हाछ्यूँ गर्दा नाक र मुख छोप्ने।
- कसैले गलत सूचना प्रवाह गरेको तथा कालो बजारी गरेको थाहा पाए समयमा नै सम्बन्धित निकायमा सम्पर्क गरी निकायमा जानकारी गर्ने।

| भेषराज घिमिरे | तारा थापा (ढेंगा) | सरोज कुमार थापा |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

**गुल्मीदरबार गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
गैडाकोट, गुल्मी, लुम्बिनी प्रदेश, नेपाल

## शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेडको धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको २१ (एक्काइस) दिने सूचना

**प्रकाशित मिति २०८२/०२/१२ गतेको दैनिक लुम्बिनी राष्ट्रिय दैनिक**

यस विकास बैंकको विभिन्न शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित ऋणीहरुले उपभोग गर्नु भएको ऋणकर्जा विकास बैंकसंग भए गरेको सम्झौता बमोजिम नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरी विकास बैंकसँग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएकोले विकास बैंकले विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्न आउनु भनी ३५(पैतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणी/धितो जमानीकर्ता र व्यक्तिगत धनजमानीकर्ता समेतलाई सूचित गर्दा समेत उक्त ऋणकर्जाको साँवा, व्याज, हर्जाना व्याज तथा अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्नेतर्फ कुनै चासो नदेखाई बेवास्ता गरी बसेकोले सो ऋणकर्जाको सुरक्षण वापत धितोबन्धक लेखिदिएको तपसीलमा उल्लेखित सम्पत्ति (घर जग्गा) जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा विकास बैंकको नियम तथा प्रचलित ऐन कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम विक्री गरी विकास बैंकको लेना रकम असुल उपर गर्नको लागी यो २१(एक्काइस) दिने धितो लिलाम विक्री सम्बन्धि सार्वजनिक सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको उक्त सम्पत्ति (घर जग्गा) गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनि वा अन्य संगठित संघ/संस्थाले यो सूचना प्रकाशित भएको मितिले २१(एक्काइस) दिनभित्र (सो दिन सार्वजनिक विदा परेमा बिदा पश्चात लगत्तै कार्यालय खुलेको दिन) कार्यालय समय भित्र यसै सूचना तथा बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधिनमा रही रितपुर्वक बोलपत्र भरी यस विकास बैंकको केन्द्रीय कार्यालय, बुटवल तथा सम्बन्धित शाखा कार्यालयमा आइपुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्न आव्हान गरिन्छ। साथै प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसील बमोजिमको सम्पत्ति लिलाम विक्री हुन नसकेमा वा लिलाम बिक्री भई बैंकले असुलउपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंकको कर्जा असुली निति तथा अन्य प्रचलित ऐन कानून बमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चल-अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा जानकारी गराउँदै, कालो सुचिमा समाबेश गर्न बाकी ऋणी संचालक, प्रोपाइटर, साझेदार, जमानतकर्ता र नेपाल राष्ट्र बैंकको कालासुचि सम्बन्धी निर्देशन बमोजिम ऋणीसंग सम्बन्धीत अन्य पक्षहरुलाई तिनपुस्ते विवरण सहित कर्जा सुचना केन्द्र लिमिटेडको कालोसूचिमा समावेश गर्न सिफारिश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा समेत यसै सूचना द्धारा सूचित गरिएको छ। तसर्थ यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र यस बैंकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न गराउनु हुन समेत विशेष अनुरोध गरिन्छ।

**तपसिलः**

**ऋणीको नाम र ठेगाना (शाखा कार्यालय गोरुसिङ्गे)**

नेपाल सरकार, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय कपिलबस्तुमा दर्ता रहेको प्र.फ.न.घ.उ.का.१८००/०५२ मिति २०५२/०६/२९, आन्तरिक राजस्व विभाग स्थायी लेखा नम्बर ६१३९५१३६२ मिति २०७७/०६/२२ मा दर्ता भई कपिलवस्तु जिल्ला जगनगर- ०७ स्थित **जय अम्बे इन्जिनियरिङ्ग वर्कसप**

**प्रोप्राइटरको विवरणः** विश्राम भरको नाति, राम कुमार भरको छोरा, कपिलबस्तु जिल्ला बुडढी गा.वि.स. वडा नं.०६ स्थायी ठेगाना भई हाल कपिलवस्तु जिल्ला बुद्धभूमि न.पा वडा नं. ०४ बस्ने **प्रदिप भर** (ना.प्र.नं. ३/०६/५६९१७ कपिलवस्तु, जारी मिति : २०६१/०६/२७)

**व्यक्तिगत धनजमानी /धितो जमानी दिनेहरुको विवरण**

१. राम कुमार भरको बुहारी, प्रदिप भरको पत्नी, कपिलबस्तु जिल्ला बुडढी गा.वि.स. वडा नं. ०६ स्थायी ठेगाना भइ हाल कपिलवस्तु जिल्ला बुद्धभूमि न.पा वडा नं. ०४ बस्ने **वासमति भर** (ना.प्र.नं. ३८३०५४/२२ कपिलवस्तु, जारी मिति : २०६३/११/१४)
२. सिताराम भरको नाति, विश्राम भरको छोरा, कपिलबस्तु जिल्ला बुद्धभूमि न.पा वडा नं. ०४ स्थायी ठेगाना भई हाल ऐ.ऐ. बस्ने **राम कुमार भर** (ना.प्र.नं. २६७१-८६ कपिलवस्तु, जारी मिति : २०४५/०२/२०

**धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण**

**सिताराम भर**को नाति, **विश्राम भर**को छोरा, कपिलबस्तु जिल्ला बुद्धभूमि न.पा वडा नं. ०४ स्थायी ठेगाना भई ऐ.ऐ.बस्ने **राम कुमार भर**को नाममा मालपोत कार्यालय कपिलवस्तुमा दर्ता श्रेस्ता कायम रहेको कपिलवस्तु जिल्ला वुढ्ढी गा.वि.स. वडा नं. ९ख स्थित कि.न १४१८ र १४२९ को क्षेत्रफल क्रमश : ०-४-१९ र ०-२-१३ (बिघा) को जग्गाहरु र सो जग्गाहरुमा बनेको तथा पछि निर्माण हुने घर टहरा र सोले चर्चेको लिगलगापातहरु समेत।

**ऋिणीको नाम र ठेगाना (कोटिहवा शाखा)**

नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय रुपन्देही, प्रा.फ.र.नं. ४९९८६/०७७/७८ मिति २०७७/११/०९, आन्तरिक राजस्व विभाग, स्थायी लेखा नम्बर ६०८०३८७७७ मिति २०७५/०४/०७ मा दर्ता भई रुपन्देही जिल्ला तिलोत्तमा न.पा वडा नं. १६ स्थित **आइसा एण्ड बिनिसा कोल्ड स्टोर**

**प्रोप्राइटरको विवरण** : काजी थारुको नाती, पल्टु थारुको छोरा मधवलिया गा.वि.स. वडा नं. ७, रुपन्देही स्थायी ठेगाना भई हाल तिलोत्तमा न.पा. वडा नं. १६, रुपन्देही बस्ने **बन्हु थारु** ना.प्र.नं.३७१०१७/२/३६२५३, रुपन्देही, जारी मिति : २०६५/०२/२९

**व्यक्तिगत धन तथा धितो जमानी दिनेहरुको विवरण**

१. पल्टु थारुको बुहारी, **बन्हु थारु**को पत्नी मधवलिया गा.वि.स. वडा नं. ७, रुपन्देही स्थायी ठेगाना भई हाल तिलोत्तमा न.पा. वडा नं. १६, रुपन्देही बस्ने **निल कुमारी थारु** ना.प्र.नं.३७१०१७/४७०१३, रुपन्देही, जारी मिति : २०६८/१०/२४
२. काजी थारुको नाती, पल्टु थारुको छोरा मधवलिया गा.वि.स. वडा नं. ७, रुपन्देही स्थायी ठेगाना भई हाल तिलोत्तमा न.पा. वडा नं. १६, रुपन्देही बस्ने बन्हु थारु ना.प्र.नं.३७१०१७/२/३६२५३, रुपन्देही, जारी मिति : २०६५/०२/२९

**धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण**

काजी थारुको नाति, पल्टु थारुको छोरा, रुपन्देही जिल्ला मधवलिया गा.वि.स. वडा नं. ७, स्थायी ठेगाना भई हाल जिल्ला रुपन्देही, तिलोत्तमा न.पा. वडा नं. १६ बस्ने **बन्हु थारु**को नाममा मालपोत कार्यालय रुपन्देहीमा दर्ता श्रेस्ता कायम रहेको जिल्ला रुपन्देही गंगोलिया गा.वि.स. वडा नं. ३ख, स्थित कि.न. १७१० र १७२९ क्षेत्रफल ०-१-०-० र ०-०-१६.२५-० (बिघा) र मधवलिया गा.वि.स.बडा ७क स्थित कि.न. २७८१ क्षेत्रफल ०-०-५-० (बिघा) को जग्गाहरु र सो जग्गाहरुमा बनेको तथा पछि निर्माण हुने घर टहरा र सोले चर्चेको लिगलगापातहरु समेत।

**ऋणीको नाम र ठेगाना (भलवारी शाखा)**

१. नेपाल सरकार उधोग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय भैरहवा रुपन्देही, प्रा.फ.र.नं. ३४२०० मिति २०७१/०८/०७, आन्तरिक राजस्व विभाग, स्थायी लेखा नम्बर ६१६५५९५७२ मिति २०७८/०५/१६ मा दर्ता भई रुपन्देही जिल्ला तिलोत्तमा न.पा वडा नं. ५ स्थित **ओम कालीपारे सप्लायर्स**
**प्रोप्राइटरको विवरण** : लिलाबल्लभ पाण्डेको नाती, दीन प्रसाद पाण्डेयको छोरा, तिलोत्तमा न.पा. वडा नं. ५, रुपन्देही स्थायी ठेगाना भई हाल तिलोत्तमा न.पा. वडा नं. ५, रुपन्देही बस्ने **डासि राम पाण्डेय** ना.प्र.नं.३७-०१-७४-०१२८९, रुपन्देही, जारी मिति : २०७४/०२/०४
२. लिलाबल्लभ पाण्डेको बुहारी, दीन प्रसाद पाण्डेयको पत्नी, रुपन्देही जिल्ला तिलोत्तमा न.पा. वडा नं. ५, स्थायी ठेगाना भई हाल ऐ.ऐ. बस्ने **ओमकला पाण्डेय** ना.प्र.नं.४२३०२३/१२३, स्याङ्गजा, जारी मिति : २०६३/१०/०३

**व्यक्तिगत धन तथा धितो जमानी दिनेहरुको विवरण**

१. लिलाबल्लभ पाण्डेको नाती, दीन प्रसाद पाण्डेयको छोरा, तिलोत्तमा न.पा. वडा नं. ५, रुपन्देही स्थायी ठेगाना भई हाल तिलोत्तमा न.पा. वडा नं. ५, रुपन्देही बस्ने **डासि राम पाण्डेय** ना.प्र.नं.३७-०१-७४-०१२८९, रुपन्देही, जारी मिति : २०७४/०२/०४
२. लिलाबल्लभ पाण्डेको बुहारी, दीन प्रसाद पाण्डेयको पत्नी, रुपन्देही जिल्ला तिलोत्तमा न.पा. वडा नं. ५, स्थायी ठेगाना भई हाल ऐ.ऐ. बस्ने **ओमकला पाण्डेय** ना.प्र.नं.४२३०२३/१२३, स्याङ्गजा, जारी मिति : २०६३/१०/०३

**धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण**

लिलाबल्लभ पाण्डेको बुहारी, दीन प्रसाद पाण्डेयको पत्नी, रुपन्देही जिल्ला तिलोत्तमा न.पा. वडा नं. ५, स्थायी ठेगाना भई हाल ऐ.ऐ. बस्ने **ओमकला पाण्डेय**को नाममा मालपोत कार्यालय बुटवल रुपन्देहीमा दर्ता श्रेस्ता कायम रहेको जिल्ला रुपन्देही आनन्दबन गा.वि.स.वडा नं. ५ख स्थित कि.न. ११२४ क्षेत्रफल ०-०-८-० (बिघा) र आनन्दबन गा.वि.स. वडा नं. ९ख, स्थित कि.न. ११४८ र ११५१ क्षेत्रफल क्रमश ०-०-५-० र ०-०-५-० (बिघा) को जग्गाहरु र सो जग्गाहरुमा बनेको तथा पछि निर्माण हुने घर टहरा र सोले चर्चेको लिगलगापातहरु समेत।

**ऋणीको नाम र ठेगाना (भलवारी शाखा)**

प्रदेश सरकार ५ नं. प्रदेश उधोग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उधोग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय सिद्धार्थनगर रुपन्देही, उ.द.नं. १००१/०७५/७६ मिति २०७६/०३/०२, आन्तरिक राजस्व विभाग, स्थायी लेखा नम्बर ६१०७९७४२८ मिति २०७६/०३/०२ मा दर्ता भई रुपन्देही जिल्ला तिलोत्तमा न.पा वडा नं. ६ स्थित **उधमी महिला पशु तथा कृषि फार्म**

(साझेदार व्यक्तिहरु)

१. दयाराम भट्टराईको बुहारी, गिरी प्रसाद भट्टराईको पत्नी तिलोत्तमा न.पा. वडा नं. ६, रुपन्देही स्थायी ठेगाना भई ऐ.ऐ. बस्ने **उमा देवी भट्टराई** ना.प्र.नं.२/२०५६५, रुपन्देही, जारी मिति : २०५८/१२/१८
२. गंगाधर भट्टराईको नाती, दयाराम भट्टराईको छोरा तिलोत्तमा न.पा. वडा नं. ६, रुपन्देही स्थायी ठेगाना भई ऐ.ऐ. बस्ने **गिरी प्रसाद भट्टराई** ना.प्र.नं. ८/१८५७९, रुपन्देही, जारी मिति : २०४६/०७/०२

**व्यक्तिगत धन तथा धितो जमानी दिनेहरुको विवरण**

१. दयाराम भट्टराईको बुहारी, गिरी प्रसाद भट्टराईको पत्नी तिलोत्तमा न.पा. वडा नं. ६, रुपन्देही स्थायी ठेगाना भई ऐ.ऐ. बस्ने **उमा देवी भट्टराई** ना.प्र.नं.२/२०५६५, रुपन्देही, जारी मिति : २०५८/१२/१८
२. गंगाधर भट्टराईको नाती, दयाराम भट्टराईको छोरा तिलोत्तमा न.पा. वडा नं. ६, रुपन्देही स्थायी ठेगाना भई ऐ.ऐ. बस्ने **गिरी प्रसाद भट्टराई** ना.प्र.नं. ८/१८५७९, रुपन्देही, जारी मिति : २०४६/०७/०२
३. जय बल्लभ भट्टराईको नाति, **गंगाधर भट्टराई**को छोरा, रुपन्देही जिल्ला आनन्दबन गा.वि.स. वडा नं. ७, स्थायी ठेगाना भई रुपन्देही जिल्ला तिलोत्तमा न.पा. वडा नं. ६ बस्ने **दयाराम भट्टराई** ना.प्र.नं. १५३८, रुपन्देही, जारी मिति : २०३३/०८/२०

**धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण**

जय बल्लभ भट्टराईको नाति, गंगाधर भट्टराईको छोरा, रुपन्देही जिल्ला आनन्दबन गा.वि.स. वडा नं. ७, स्थायी ठेगाना भई रुपन्देही जिल्ला तिलोत्तमा न.पा. वडा नं. ६ बस्ने **दयाराम भट्टराई**को नाममा मालपोत कार्यालय नवलपरासीमा दर्ता श्रेस्ता कायम रहेको जिल्ला नवलपरासी जमुनीया गा.वि.स. वडा नं. २ ख, स्थित कि.न. ५७४ क्षेत्रफल ०-१०-०-० (विघा) को जग्गा र सो जग्गामा बनेको तथा पछि निर्माण हुने घर टहरा र सोले चर्चेको लिगलगापातहरु समेत।

**जमानतकर्ताको हकमा जानकारीको लागि मात्र यो सूचना प्रकाशित गरिएको हो।**

**शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लि.**
**केन्द्रीय कार्यालयः**
बुटवल-११, कालिकानगर, रुपन्देही
फोनः ०७१-४१५५०२/४१५५०३
E-mail: info@srdb.com.np, URL: www.srdb.com.np

**ट्वाइलेट सफा गराउनुहोस्**
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्ल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।
सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३, ९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**
तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५, ९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार
प्रो. रामशाह शाहानी

**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

# इस्मालीको साधारणसभा सम्पन्न




बुटवल । गुल्मी इस्माबाट बसाइँसराइ गरी रुपन्देहीमा छरिएर रहेका इस्मालीहरुको साझा संस्था इस्माली समाज रुपन्देहीको दोस्रो साधारणसभा सम्पन्न भएको छ ।

सयौं संख्यामा उपस्थित उक्त साधारणसभाको उद्घाटन पूर्व उर्जामन्त्री एवं सोही क्षेत्रका सांसद गोकर्ण विष्टले गरेका थिए । कार्यक्रमको उद्घाटन गर्दै विष्टले गुल्मीको शक्तिशाली साझा संगठन कुनै राजनीतिक मञ्च नभई निःस्वार्थ रुपमा सामाजिक कार्यमा सहयोगी भएर जान सबैलाई आग्रह गरे ।

उक्त कार्यक्रमलाई सम्बोधन गर्दै आफू पटकपटक जनप्रतिनिधि हुँदा सडक शिक्षा, खानेपानी, स्वास्थ्यलगायतका विकासमा नमूना बजेट पारेको र आगामी बजेटमा पनि धेरै परियोजनाहरुमा बढीभन्दा बढी बजेट पार्ने प्रतिबद्धता गरेका छन् ।

कार्यक्रमका विशिष्ट अतिथि इस्मा गाउँपालिका अध्यक्ष भगतसिंह खड्काले आफू निर्वाचित क्षेत्रका इस्मालीहरुसँग भेटघाट हुँदा खुसी व्यक्त गर्दै आगामी बजेट तर्जुमा गर्दा बौद्धिक व्यक्तित्वहरुको सहयोग पाउनुपर्ने बताए ।

गाउँ टोलहरुमा सडक सञ्जालको पहुँच बढ्दै गएको, खानेपानी एक घर एक धारा, स्वास्थ्य शिक्षालगायतको सुविधाहरु भए पनि बसाइँसराइको कारण गाउँमा जनसंख्याको घट्दो क्रमले आफू चिन्तित भएको जनाए । कार्यक्रममा जिल्ला समन्वय समिति गुल्मीकी सदस्य सुनिता जिसीले संगठित इस्मालीहरुको साझा संस्था राजनीतिक रंग देखाउन नहुने भन्दै साझा संस्थामा साझा काम गर्ने सुझाव दिइन् ।

वडा नं. १ का पूर्व अध्यक्ष एवम् समाजका आजीवन सदस्य सामाजिक व्यक्तित्व चुराबहादुर खत्रीले विकासको कार्यमा अन्यत्रभन्दा इस्मा केही कमजोरी भएको र यसलाई न्यूनीकरण गर्न निर्वाचन क्षेत्रका सभासद, पालिका अध्यक्षलगायतको ध्यानाकर्षण गराए ।

सम्बोधनकै क्रममा समाजका आजीवन सदस्य एवम् इस्मा २ का वडा अध्यक्ष झविन्द्र अर्यालले हरेक वडामा बसाइँसराइको व्यापाक असर परेको उदाहरण दिँदै आफ्नो वडामा छ सय घरधुरी रहेकोमा हालै मात्र नयाँ गणना गर्दा २ सय ३० घरधुरी पलायन भएको बताए ।

उनले विकास निर्माणमा राजनीतिक प्रतिशोध नलिई समान व्यवहार आवश्यक भएको बताउँदै सम्पूर्ण इस्मालीहरुको व्यापक समृद्धिको कामना गरे । सोही कार्यक्रममा वडा नं. ३ का पूर्व वडाध्यक्ष तोयनाथ सापकोटाले सम्पूर्ण इस्माली समाजसँग सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गरे ।

उक्त कार्यक्रममा इस्माली समाजका संस्थापक अध्यक्ष बाबुराम गौतमले केही सामाजिक व्यक्तिहरुको अगुवाइमा जन्म भएको संगठन हाल आउँदा प्रत्येक इस्मालीको घरघर संगठित भएको बताउँदै यसले इस्मालीलगायत सम्पूर्ण अप्ठ्यारोमा परेका व्यक्तिहरुलाई सामाजिक, आर्थिक, सहयोग गर्दै आएको इतिहास बताउँदै संस्थामा थप सहयोग गर्न आग्रह गरे ।

समाजका अध्यक्ष कृष्णबहादुर जिसीको अध्यक्षतामा भएको कार्यक्रममा वार्षिक प्रगति विवरण पेश गर्दै सम्पूर्ण आजीवन सदस्य साधारण सदस्यहरुलाई इस्माली एकताको व्यापक चर्चा गर्दै धन्यवाद दिए ।

कार्यक्रममा अध्यक्ष जिसीकी धर्मपत्नी कमला जिसीको जन्म दिनको उपलक्ष्यमा वृद्धाहरुलाई आर्थिक सहयोग साथै कोसेली प्रदान गरेका थिए । कार्यक्रमको प्रमुख अतिथि, विशिष्ट अतिथि, समाजका पूर्व अध्यक्ष, हालका अध्यक्ष जिसी उनकी धर्मपत्नीलगायतले अग्रजहरुलाई सम्मान गरेका थिए । कार्यक्रम सह-सचिव पदम जिसीको सञ्चालनमा सम्पन्न भएको थियो ।

## प्रदेशस्तरीय यु-१६ क्रिकेटः

# रूपन्देही र नवलपरासी विजयी

भैरहवा । लीला सेन्चुरी मेमोरियल यु-१६ लुम्बिनी प्रदेशस्तरीय क्रिकेट प्रतियोगितामा आइतबार सम्पन्न दुई खेलमा पश्चिम नवलपरासी र रुपन्देहीले जित निकालेका छन् । नवलपरासीले कपिलवस्तुमाथि ११ रनको जित निकाल्दा रुपन्देहीले पाल्पालाई २ सय ६१ रनले पराजित गर्यो । रुपन्देहीको यो लगातार दोस्रो जित हो ।

भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा भएको खेलमा टस जितेर ब्याटिङ गरेको नवलपरासीले निर्धारित ३५ ओभरमा १८ ओभर १ बल खेल्दै सबै विकेट गुमाएर ८७ रनको सामान्य योगफल बनायो । उसका लागि अजय चाईले सर्वाधिक ३१ रन बनाए । बलिङमा कपिलवस्तुका रौनक श्रीवास्तवले ४ र कमरन अहमदले ३ विकेट हात पारे ।

सामान्य लक्ष्य पछ्याएको कपिलवस्तु २० ओभर २ बलमा ७६ रन जोड्दा अलआउट भयो र हार व्यहोर्यो । उसका लागि आर्यन पाण्डेले १९ र कमरन अहमदले १४ रन बनाए । बलिङमा नवलपरासीका तिलक सापकोटाले ६ ओभर २ बलमा २४ रन खर्चेर ६ विकेट लिए । यस्तै, अजय चाईले ३ तथा प्रेमसागर यादवले १ विकेट लिए । खेलमा नवलपरासीका तिलक सापकोटा प्लेयर अफ द म्याच भए ।

यस्तै, तिलोत्तमास्थित एक्स्ट्राटेक ओभल क्रिकेट मैदानमा भएको खेलमा टस हारेर ब्याटिङको निम्तो पाएको रुपन्देहीले निर्धारित खेलमा ९ विकेट गुमाएर ३ सय ३ रनको बलियो योगफल बनायो । रुपन्देहीका लागि रोजन कुमालले ९६, लक्ष्मण कुमालले अविजित ६०, सुजन रानाभाटले २९, प्रिन्स पालले २१ र समीर अलीले १८ रन बनाए । बलिङमा पाल्पाका उपसन विक्रम जिसीले ३, दिवस अर्यालले २ तथा हिमाल कंडेल, अमृत अर्याल र उपसन पाण्डेले समान १-१ विकेट लिए ।

जवाफी ब्याटिङ गरेको पाल्पा २० ओभर २ बलमा ४२ रन जोड्दा अलआउट भयो । उसलाई सस्तैमा रोक्न बलिङमा रुपन्देहीका प्रिन्स पालले ६ ओभरमा ५ मेडन राख्दै २ रन खर्चेर ५ विकेट लिए । यस्तै, तुषार चौहानले ३ तथा आर्यनसिंह यादव र सुजन रानाभाटले १-१ विकेट लिए । पाल्पाका कुनै पनि खेलाडीले दोहोरो अंकमा रन बटुल्न सकेनन् । खेलमा रुपन्देहीका रोजन कुमाल प्लेयर अफ द म्याच घोषित भएको प्रदेश क्रिकेट संघका सदस्य एवं खेल संयोजक प्रथम पराजुलीले जानकारी दिए ।

लुम्बिनी प्रदेश क्रिकेट संघका आयोजना र रुपन्देही क्रिकेट संघको समन्वयमा राष्ट्रिय यु-१६ क्रिकेटका लागि लुम्बिनी प्रदेशस्तरीय टिम छनोट गर्न प्रतियोगिता आयोजना गरिएको हो । प्रतियोगितालाई भैरहवाका व्यवसायी रामकिसन विकले आफ्नी स्वर्गीय श्रीमती लीला सेन्चुरीको नाममा मुख्य प्रायोजन गरेका छन् । प्रतियोगितामा रुपन्देही, पश्चिम नवलपरासी, पाल्पा, कपिलवस्तु, दाङ, बाँके र बर्दियाका टिम सहभागी छन् । जेठ १६ गतेसम्म चल्ने प्रतियोगिता सिद्धार्थ क्रिकेट मैदान र तिलोत्तमास्थित एक्स्ट्राटेक ओभल क्रिकेट मैदानामा संचालन भइरहेको छ ।

# १९ रोटरी क्लबको संयुक्त छलफल

बुटवल । रोटरी इन्टरनेशनल डिष्ट्रिक ३२९२ नेपाल-भुटानअन्तर्गत रिजन पाँचका रोटरी क्लबहरूको संयुक्त पहलमा कर सचेतनासम्बन्धी विशेष कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रमको आन्तरिक राजस्व कार्यालयका प्रमुख कर अधिकृत प्रेम पोखरेलले उद्घाटन गर्दै करसम्बन्धी जानकारीमूलक प्रस्तुति दिएका थिए । कार्यक्रममा प्रमुख कर अधिकृत प्रेमराज पोखरेलले कर प्रणालीप्रति जनचेतना अभिवृद्धि भैरहेको भन्दै यस्ता कार्यक्रमहरुलाई निरन्तरता दिन जरुरी रहेको बताए । कतिपय करसम्बन्धी अनभिज्ञतालाई उजागर गर्न कार्यक्रम सफल रहेको समेत उनको दाबी छ । कर शिक्षा, पारदर्शीता र उत्तरदायित्वका विषयमा बृहत छलफल गरिएको थियो ।

कार्यक्रममा रोटरी क्लब अफ बुटवलका अध्यक्ष प्रज्ज्वल थान्जुले क्लबहरूबिचको समन्वयलाई संस्थागत गर्दै अगाडि बढ्ने प्रतिबद्धता अनुसार रचनात्मक कार्यहरुमा जोड दिँदै आएको बताए । यसप्रकारको कार्यक्रमबाट साझा उद्देश्यतर्फ उन्मुख बनाउन मद्दत मिल्ने समेत उनले बताए ।

कार्यक्रममा रोटरी क्लब अफ बुटवल डाउनटाउनका अध्यक्ष शिव ज्ञवालीले समुदायमा सात लक्षित क्षेत्रमा रहेर रोटरीबाट परियोजनाहरु चलाउँदै आएको बताए । सामाजिक उत्तरदायित्वका साथसाथै आर्थिक शुद्धतामा समेत टेवा पुर्‍याउने गरी संयुक्त रुपमा कार्यक्रम गर्न सफल भएको समेत उनले बताए ।

कार्यक्रममा एजी खिमानन्द पाण्डेले रोटरी क्लबहरू केवल सेवा मात्र होइन, जिम्मेवार नागरिक निर्माणमा पनि भूमिका खेल्न सक्षम रहेको बताए । करबारेको जानकारी नागरिक सचेतनाको महत्वपूर्ण आधार भएको भन्दै उनले यस किसिमको कार्यक्रमलाई प्राथमिकतामा राख्न सुझाव दिए ।

कार्यक्रममा रोटरी क्लब बुटवल चौतारीका नुमलाल पौडेलले यस्तो सहकार्यलाई निरन्तरता दिँदै आगामी दिनमा अझैं उपयोगी र व्यावहारिक कार्यक्रम ल्याउने समेत बताए ।

चार्टड एकाउन्टेन्ट प्रमोद खनालले सहजीकरण गरेको कार्यक्रममा रोटरी इन्टरनेशनल डिष्ट्रिक ३२९२ नेपाल-भुटानअन्तर्गत रिजन पाँचका १९ वटा रोटरी क्लबहरूका करिब २ सय बढी रोटरीयनहरु सहभागी भएका थिए । कार्यक्रममा रोटरी क्लब अफ बुटवल चौतारीले आफ्ना सदस्यहरुलाई उल्लेख्य मात्रामा सहभागी गराएको थियो ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

## तिलोत्तमा नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय

## बोलपत्र स्वीकृत गर्ने आशयको ७ दिने सूचना

(सूचना प्रकाशन मिति :२०८२/०२/१२)

यस नगरपालिकाको आ.ब.२०८१/०८२ का लागि देहायका नदीघाट क्षेत्रबाट नदीजन्य पदार्थ उत्खनन् गरि घाटगद्दि गर्ने र घाटगद्दिस्थलबाट बिक्री वितरण गर्ने कार्य बोलपत्रको माध्यमबाट गराउनको लागि यस कार्यालयबाट मिति २०८२/०१/२५ गतेको मेचिकाली राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार पर्न आएका बोलपत्रहरु प्रचलित कानून बमोजिम सारभूत रुपमा प्रभावग्राही देखिएकोले बोलपत्र मूल्याँकन समितिको मिति २०८२/०२/११. गतेको सिफारिस अनुसार बोलपत्र स्वीकृतीको लागि सिफारिस भएको हुँदा सार्वजनिक खरिद ऐनको दफा २७ को उपदफा २ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| क्र.स. | आय ठेक्का नं. | छनौट भएको बोलपत्र दाताको नाम र ठेगाना | कार्यको विवरण | स्थान | कबोल अंक रु. मु.अ.कर बाहेक |
|---|---|---|---|---|---|
| १ | १८/२०८१/०८२ | कोरल निर्माण प्रा.लि., विनयी त्रिवेणी ४, नवलपुर | नदीजन्य पदार्थ उत्खनन् एवं घाटगद्दी गरि बिक्री गर्ने कार्य | तिलोत्तमा- १३, सेमरी ख र सुस्पुरा घाटक्षेत्र | २,११,९९,८८८.०० |

## विकास बहुउद्देश्यीय सहकारी संस्था लि .
### तिलोत्तमा न.पा.-०१, ड्राइभर टोल, रुपन्देही ।

## ऋण चुत्ता गर्ने सम्वन्धि ३५ दिने सुचना

प्रथम पटक प्रकाशित मितिः २०८२ जेष्ठ१२ गते

यस विकास बहुउद्देश्यीय सहकारी संस्था लि. बाट तपसिलमा उल्लेखित ऋणी सदस्यले ब्यापार कर्जा शिर्षक अर्न्तगत लिनु भएको कर्जाको नियमित रुपमा संस्थालाई बुझाउनु पर्ने सावाँ तथा ब्याज नतिरी यस संस्थासँग गरेको सम्झौता र सर्तको उल्लघंन गरी भुक्तानी तालिकाको अवधि समेत व्यतित गरी बस्नु भएको र पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत कर्जा चुक्ता गर्न नआउनु भएकाले सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ को परिच्छेद ८ का नियम ३० को उपनियम १ (क) तथा लुम्विनी प्रदेश सहकारी ऐन २०७६, सहकारी नियमावली २०७६ को परिच्छेद ६ को नियम २३ को उपनियम १ (क) बमोजिम सम्वन्धित ऋणी यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिनभित्र तपाइले संस्थामा बुझाउनु पर्ने सावा ब्याज र हर्जाना रकम समेत संस्थामा उपस्थित भई बुझाउन आउनुहुन सुचित गरिन्छ । उक्त म्यादभित्र पनि तिर्नु, वुझाउनुपर्ने रकम तिर्न, वुझाउन नआएमा संस्थाको नाममा लेखि दिएको तपशिल उल्लेखित धितो सुरक्षण वापत राखिएको जग्गा माथी उल्लेखित नियम कानुनं र संस्थाको नीति तथा कार्यविधिले दिएको अधिकार प्रयोग गरी ऋणी तथा धितो जमानी तथा व्यक्तिगत धनजमानी दिने व्यक्ति तथा सदस्यलाई कालोसूची राख्नका लागि लेखि पठाई धितो लिलाम विक्रि प्रकृया अगाडि बढाईने व्यहोरा सम्वन्धित सबैको जानकारीका लागी यो सुचना प्रकाशित गरिएको छ ।

| ऋणीको तिनपुस्ते विवरण | कर्जा शिषक | धितोको विवरण | | | |
|---|---|---|---|---|---|
| | | ठेगाना | वडा नं. | कित्ता नं. | क्षेत्रफल (वि.क.घु.) |
| ऋणीको नाम : प्रकाश पाण्डे<br>बाबुको नामः देवी प्रसाद पाण्डे<br>बाजेको नाम : पेउ नारायण पाण्डे<br>ठेगाना साविकः जिल्ला गुल्मी अश्लेवा गा.वि.स. वार्ड नं. ०३<br>हालः जिल्ला रुपन्देही तिलोत्तमा न.पा. वार्ड नं. ५ रुपन्देही | ब्यापार कर्जा | अचल सम्पत्ति : जिल्ला रुपन्देही सिक्टहन गा.वि.स. वार्ड नं. ७/घ को जग्गा | ७/घ | ११ | ०-७-१० |
| ऋण लगानी मिती | २०७७/०९/१० | ऋण लगानी रकम | | रु ७०,००,०००।०० | |

कृषि उत्पादन बढाऔं
-खेतबारी बाँझो नराखौं, उत्पादनमा जोड दिऔं ।
-जैविक मल र जैविक विषादीको प्रयोग बढाऔं ।
-स्थानीय बीउविजन तथा रैथाने बालीको संरक्षण गरौं ।
-प्राङ्गरिक वस्तुको उत्पादन र उपभोगलाई प्रबर्द्धन गरौं ।
-कृषि तथा पशुपंक्षी पालनसम्बन्धी तालिम, गोष्ठी तथा सेमिनारमा सहभागी होऔं ।
-कृषि अनुदानको सही सदुपयोग गरौं ।
-बाली तथा पशुपन्छीमा समस्या देखिए कृषि प्राविधिकसँ सल्लाह सुझाव लिउँ ।
कृषि पेशाको सम्मान गरौं, कृषकलाई प्रोत्साहन गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

फोहोर व्यवस्थापन गरौं र गराऔं ।
- जथाभावी फोहोर नफालौं ।
- कुहिने र नकुहिने फोहोरलाई छुट्याएर अलग-अलग राखौं ।
-घरायसी फोहोर कम गरौं ।
-पुनः प्रयोग गर्न सकिने फोहोरको व्यवस्थापन गरौं ।
-जैविक फोहोरबाट प्राङ्गरिक मल उत्पादन गरौं ।
-तोकिएको समय र स्थानमा मात्र फोहोर फालौं ।
-प्लाष्टिक, कागज, काँचजस्ता पुन प्रयोग हुने वस्तुहरुको छुट्टै संकलन गरौं ।
फोहोर नजलाऔं । फोहरको समुचित व्यवस्थापन गरौं र वातावरण जोगाऔं ।
लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com